# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## कोहलपुर नगरपालिका
## कोहलपुर,बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय)

पत्र संख्या: २०७८।७९
च.नं. १०७

मिति: २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू
कोहलपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,बाँके ।

**कैफियत सहितको राय**

हामीले कोहलपुर पालिकाको आर्थिक बर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. कोहलपुर नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ८ करोड ८७ लाख ४९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ४ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १५ लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ४३ लाख ६५ हजार, नियमित गर्नुपर्ने रू ४ करोड ९७ लाख ६५हजार र पेश्की रू २ करोड ३१ लाख ४ हजार रहेको छ ।पालिकाको गतवर्ष २३ करोड ९९ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ३२ करोड ८७ लाख १८ हजार रहेको छ ।नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३ नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रूपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक


Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

कोहलपुर नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | ३८ | ८८७४९ | ० | १ | ४ | ५३ | ३७ | ८८७४५ | १५११ | ४९७६५ | १४३६५ | ० | ० | ६४१३० | २३१०४ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | २३९९७३ | ० | ० | २३९९७३ | ० | ८८७४५ | ३२८७१८ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कोहलपुर नगरपालिका, बाँके , कोहलपुर नगरपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Birendradev Bharati | २०७६-५-२३ | |
| कार्यालय प्रमुख | Chhabilal Nepali | २०७७-४-३० | २०७८-३-८ |
| कार्यालय प्रमुख | Ananta Kumar Paudel | २०७८-३-९ | |
| कार्यालय प्रमुख | Topendra Bahadur K.C | २०७८-४-१ | |
| कार्यालय प्रमुख | टिकाराम ढकाल | २०७८-९-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदिप सिंह सुनार | २०७५-१२-२४ | |
| | | **बेरुजु रकम** | ८८,७४९,००८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२,९४,४३,१४५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६१,०१,८३,२६०.३३ | **चालु खर्च** | ४७,११,७१,५२३.९२ |
| **प्रदेश सरकारबाट अनुदान** | ६,८९,३९,००० | **पूँजीगत खर्च** | ४५,३६,८६,४५८.५७ |
| **राजश्व बाँडफाँट** | १३,४४,६७,४१०.०९ | **वित्तीय/अन्य व्यवस्था** | २३,९३,४३,४२५.४ |
| **आन्तरिक आय** | २२,४५,३०,०६९.०५ | | |
| **अन्य आय** | १९,२५,२७,२४१.५८ | | |
| **कुल आय** | १,२३,०६,४६,९८१.०५ | **कुल खर्च** | १,१६,४२,०१,४०७.८९ |
| **बाँकी मौज्दात** | | १९,५८,८८,७१८.१६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |
| २ | | | **लेखापरीक्षण**<br><br>लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।११।१३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **एकिकृत आय व्यय विवरण**<br><br>**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र<br>स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

आर्थिक बर्ष 2077/078 को एकिकृत आर्थिक बिबरण

| सि.नं. | आय तर्फ | | | सिं.नं. | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | बिबरण | रकम | जम्मा रकम | | बिबरण | रकम | जम्मा रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | | **129,443,145.00** | **क** | **कुल बजेटखर्च** | | **924,857,982.49** |
| | क. नगद | - | | | **चालुखर्च** | **471,171,523.92** | |
| | ख. बैंक | 129,443,145.00 | | | **पुँजीगतखर्च** | **453,686,458.57** | |
| 2 | **राजस्व (आन्तरिक आय)** | | **224,530,069.05** | **१** | **राजस्व (आन्तरिक आय)** | | **193,329,040.52** |
| | क. आन्तरिकराजस्व | 68,597,176.25 | | | क. आन्तरिकराजस्व | 167,428,896.52 | |
| | ख. अन्यविविध आय श्रोत नखुलेको | 7,247,014.00 | | | ख. जिल्लासमन्वय समिति | 25,900,144.00 | |
| | **ख. मालपोतरजिष्ट्रेशन** | | | **२** | **राजस्वबाँडफाँड** | | **179,080,122.89** |
| | ख.१. गतबर्षको बाँकी रजिष्ट्रेशन शुल्क | 113,946,904.80 | | | क. राजस्वबाँडफाँड संघीय सरकार | 103,672,496.37 | |
| | ग. जिल्लासमन्वय समिति | 34,738,974.00 | | | ख. राजस्वबाँडफाँड प्रदेश सरकार | 75,407,626.52 | |
| 3 | **राजस्व बाँडफाँड** | | **134,467,410.09** | **३** | **वित्तिय हस्तान्तरण-संघीय सरकार** | | **509,180,905.08** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **क. राजस्वबाँडफाँड संघीय सरकार** | 110,233,458.86 | | | क. बितियसमानिकरण अनुदान | 169,513,125.00 | |
| | क.2. वनक्षेत्रको रोयल्टी | 1,707,943.56 | | | ख. शसर्तअनुदान | 300,119,882.08 | |
| | क.3. आन्तरिक बाट सापटी / फिर्ता | - | | | ग. समपुरकअनुदान | 8,466,644.00 | |
| | ख. राजस्वबाँडफाँड प्रदेश सरकार | 22,526,007.67 | | | घ. बिशेषअनुदान | 31,081,254.00 | |
| **4** | **वितिय हस्तान्तरण-संघीय सरकार** | | **610,183,260.33** | **४** | **वितिय हस्तान्तरण-प्रदेश सरकार** | | **43,267,917.00** |
| | क. बितियसमानिकरण अनुदान | 186,900,000.00 | | | क. बितियसमानिकरण अनुदान | 4,134,196.00 | |
| | ख. शसर्तअनुदान | 383,149,950.01 | | | ख. शसर्तअनुदान | 18,764,823.00 | |
| | ग. समपुरकअनुदान | 8,466,644.00 | | | ग. समपुरकअनुदान | 15,000,000.00 | |
| | घ. बिशेषअनुदान | 31,666,666.32 | | | घ. बिशेषअनुदान | 5,368,898.00 | |
| **5** | **वितिय हस्तान्तरण-प्रदेश सरकार** | | **68,939,000.00** | **५** | **बिभिन्नकोष तर्फको खर्च** | | **126,733,605.00** |
| | क. बितियसमानिकरण अनुदान | 6,089,000.00 | | | ग-2.7 बिबिध कोष खाता | 101,819,901.00 | |
| | ख. शसर्तअनुदान | 40,850,000.00 | | | ग-7.1 आकस्मिक कोष खाता | 7,162,685.00 | |
| | ग. समपुरकअनुदान | 15,000,000.00 | | | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | 15,295,036.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ. बिशेषअनुदान | 7,000,000.00 | | | ग-5.1 बिबिध कोष खाता | 2,455,983.00 | |
| **6** | **अन्तर स्थानीय तहबाटप्राप्त** | - | - | **६** | **धरौटीफिर्ता** | | **5,278,325.16** |
| **7** | **वित्तिय व्यवस्थाप्राप्ति** | - | - | | **6.1.फिर्ता** | **5,278,325.16** | |
| | क. ऋणप्राप्ति | - | - | **७** | **खर्च गर्नबाँकी रकम फिर्ता** | | **107,331,492.24** |
| | ख. साँवाप्राप्ति | - | - | | ग.आ.ब.2077/078 प्रदेश सरकार फिर्ता | 23,716,282.00 | |
| | ग. व्याजप्राप्ति | - | - | | घ.आ.ब.2077/078 संघीय सरकार | 83,615,210.24 | |
| | घ. अन्यप्राप्ति | - | - | **8** | **मौज्दात** | | **135,373,406.74** |
| **8** | **बिभिन्न कोष तर्फको आय** | - | **168,945,624.98** | | 8.1. संचितकोष बाँकी मौज्दात | 79,027,982.39 | |
| | ग-2.7 बिबिध कोष खाता | 127,956,591.00 | - | | 8.2. चालुखाताबाट संचित कोषमा फीर्ता | 20,857,330.66 | |
| | ग-7.1 आकस्मिक कोष खाता | 8,944,114.00 | - | | 8.3. पँजिगत खाताबाट संचित कोषमा फीर्ता | 17,648,080.82 | |
| | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | 19,715,806.12 | - | | 8.6. आन्तरिक राजस्व संचित कोषमा फीर्ता | 17,840,012.87 | |
| | ग-5.1 बिबिध कोष खाता | 12,329,113.86 | - | **9** | **बिभिन्नकोष तर्फको बैंक मौज्दात** | | **42,212,019.98** |
| **9** | **बिषयगतनिकाबाट प्राप्त रकम** | - | - | | ग-2.7 बिबिध कोष खाता | 26,136,690.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 10 | **जनसहभागितानगद** | - | - | | ग-7.1 आकस्मिक कोष खाता | 1,781,429.00 | |
| 11 | **धरौटी आय** | - | **23,581,616.60** | | ग-7.2 प्रकोष व्यवस्थापन कोष खाता | 4,420,770.12 | |
| | **11.1 आम्दानी** | 23,581,616.60 | - | | ग-5.1 बिबिध कोष खाता | 9,873,130.86 | |
| 12 | **लगानीसाँवा फिर्ता** | - | - | **10** | **धरौटीतर्फको बाँकी मौज्दात** | | **18,303,291.44** |
| 13 | **आन्यश्रोत** | - | - | | धरौटी बैंकमौज्दात | 18,303,291.44 | |
| | | | | | | | |
| | | | | | | | |
| | | - | - | | | | |
| | | - | - | | | | |
| | | - | - | | | | |
| | | - | - | | | | |
| **जम्मा** | | | **1,360,090,126.05** | **जम्मा** | | | **1,360,090,126.05** |

४

## सामाजिक सुरक्षा

### सामाजिक सुरक्षा तर्फ

**लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्याविधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु

<table>
<tr><td></td><td></td><td></td><td>
पर्ने व्यवस्था रहेको छ ।पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्क्रिय रहेका लाभग्राहीहरुको वैक खाता समेतको अनुगमन निर्देशिका अनुसार गरिनु पर्दछ।<br>
सार्वजनिक सुनुवाइः वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिकसुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
िशक्षक दरवन्दी र पदपुर्ति<br><br>
शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>दरबन्दी संख्या</th><th>पदपूर्ति</th><th>पूर्तिमध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>शिक्षक विद्यार्थी अनुपात</th></tr>
<tr><td>१</td><td>राम माध्यमिक विद्यालय</td><td>9</td><td></td><td>11</td><td>1133</td><td>57</td></tr>
<tr><td>२</td><td>त्रिभुवन माध्यमिक विद्यालय</td><td>16</td><td></td><td>13</td><td>2962</td><td>102</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | ज्ञान ज्योति मा वि चप्परगौडी | 8 | | 16 | 1802 | 75 | | |
| | | | ४ | ज्ञान ज्योति माध्यमिक विद्यालय | 5 | | 10 | 541 | 36 | | |
| | | | ५ | ने.रा.माध्यमिक विद्यालय | 7 | | 10 | 662 | 39 | | |
| | | | ६ | जन ज्ञानज्योति मा वि कौशिलानगर | 4 | | 13 | 611 | 36 | | |
| | | | ७ | कृष्ण माध्यमिक विद्यालय | 6 | | 13 | 1135 | 60 | | |
| | | | ८ | लक्ष्मी माध्यमिक विद्यालय | 8 | | 23 | 1598 | 52 | | |
| | | | ९ | सगरमाथा ज्ञानपुञ्ज मा विद्यालय | 4 | | 15 | 1130 | 59 | | |
| | | | १० | जनता माध्यमिक विद्यालय | 6 | | 5 | 319 | 29 | | |
| | | | ११ | सरस्वति माध्यमिक विद्यालय | 7 | | 8 | 666 | 44 | | |
| | | | १२ | सिद्धार्थ माध्यमिक विद्यालय | 5 | | 7 | 328 | 27 | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | बाल शिक्षा आ.वि. भरैया १३ | 3 | | 5 | 299 | 37 |
| १४ | ने.रा.आधारभूत विद्यालय लखनवार | 4 | | 3 | 193 | 28 |
| १५ | ने.रा.आधारभूत विद्यालय चटार | 5 | | 5 | 288 | 29 |
| १६ | ने.रा. आधारभूत विद्यालय चौधरिया | 4 | | 3 | 231 | 33 |
| १७ | ने.रा.आधारभूत विद्यालय चन्नहवा | 4 | | 3 | 159 | 23 |
| १८ | जन चेतना आधारभूत विद्यालय | 2 | | 4 | 188 | 31 |
| १९ | शिव शक्ति आधारभूत विद्यालय | 1 | | 4 | 208 | 42 |
| २० | जनज्योति आधारभूत विद्यालय | 3 | | 1 | 128 | 32 |
| २१ | मुक्ति प्राथमिक विद्यालय | 1 | | 3 | 82 | 21 |
| २२ | हिमालय मदरसा गरिब नवाज, | 2 | | 1 | 164 | 55 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २३ | ने.रा. प्राथमिक विद्यालय सिमरी | 2 | | 2 | 142 | 36 | | |
| | | | २४ | बाल प्राथमिक विद्यालय | 2 | | 2 | 114 | 29 | | |
| | | | २५ | विद्याज्योति प्राथमिक विद्यालय | 1 | | 2 | 82 | 27 | | |
| | | | २६ | ने.रा.प्राथमिक विद्यालय ढोडपूर्वा | 2 | | 3 | 197 | 39 | | |
| | | | २७ | राधाकृष्ण प्राथमिक विद्यालय | 1 | | 2 | 80 | 27 | | |
| | | | २८ | सृजना बाल प्राथमिक विद्यालय | 1 | | 3 | 94 | 24 | | |
| | | | २९ | मदरसा रमातुल उलुम | 0 | | 1 | 110 | 110 | | |
| | | | ३० | रामजानकी राधाकृष्ण संस्कृत विद्यालय | 0 | | 0 | 47 | 47.0 | | |
| | | | | जम्मा | 123 | | 191 | 15693 | 50.0 | | |
| ६ | | | **औषधि खरीद** | | | | | | | | • |

| | | | | |
|---|---|---|---|---|
| | | | **औषधी खरिद**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले रु १६७८४९६।०० को औषधि ठेक्का तथा कोटेशन विधिबाट खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः<br><br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **िशक्षा तर्फ** | |
| ७.१ | 191 | | गो भौ न १९१-077/3/२८मा **सेनिटरी प्याड :** सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ परिच्छेद २ मा भएको व्यवस्था वमोजिम स्थानिय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विधालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालिको तथ्याङ्क्क सँग भिडाइ अनुसूचि १ मा उल्लेखित गरिए वमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून वमोजिम खरीद गर्नुपर्ने व्यवस्था रहेको र दफा ५वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालययले स्थानिय | ३,६५३,३७६ |

| | | | | |
|---|---|---|---|---|
| | | | तहमा र स्थानिय तहले प्रदेश सामाजिकविकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा देहाय वमोजिम छ ।<br>पालिकाले मिति २०७७।११।११ गते उप प्रमुखको संयोजकत्वमा नगरस्तरीय वैठक वाट विधालयको EMIS को विवरण अनुसार कोशोरीको संख्याकोआधारमा विधालयको खातामा रकम निकासा गर्ने निर्णय वमोजिम १९ सामुदायिक विधालयलाइ रु ३६५३३७६।०० निकासा गरेको देखियो ।<br>• उक्त विधालयहरुवाट सेनेटरी प्याड खरीद गरी सो को वितरण भए नभएको सम्वन्धमा कुनै आवश्यक कागजात लेखापरीक्षणको क्रममा पेश हुन नआएको हुदा सो सम्वन्धमा कार्यविधिमा उल्लेख भए वमोजिम का आवश्यक कागजात प्रमाण पेश हुनु पर्ने ।<br>• कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २८ मा विधालयको खातामा रकम निकासा गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । | |
| ७.२ | | | **संघिय सरकार वाट हस्तान्तरित कार्यक्रम तर्फ चालु**<br>**कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको**<br>पाठ्यपुस्तक तर्फ<br>– नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रो विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनु पर्ने र उक्त अनुदान वितरण गरे नगरेको सम्वन्धमा पालिका द्घारा प्रभावकारी अनुगमन हुनुपर्दछ भन्ने कानूनी व्यवस्था छ।<br>पालिकाले यस वर्ष पाठ्यपुस्तकतर्फ रु ७७६९९१४।०० अनुदान निकासा दिएको देखियो । विधालयहरुवाट कार्यक्रम कार्यान्वन पुस्तीकाको कार्यक्रम **2.4.6.1** उल्लेख भए अनुसार विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको सम्वन्धमा आवश्यक कागजात पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु ७७६९९१४।०० | ७,७६९,९१४ |

<table>
<tr><td></td><td></td><td></td><td>अनुदानको अनुगमन -कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ।।पालिकाले यसवर्ष दिवा खाजामा रु.१५८२३९५।०० र छात्रवृत्तिमा रु.२८९८६००।–अनुदान विद्यालयहरुमा पठाएको छ। विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन। तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>८</td><td>विभिन्न</td><td></td><td>सडक वोर्ड कार्यक्रम तर्फ-<br><br>सडक वोर्ड नेपाल- पालिकालाई यस आ.ब. मा रु.4606716।- रकम प्राप्त भई ५ वटा योजनाहरु सञ्चालन भएका छन् । सडक वोर्ड तर्फ भएका योजना तथा भुक्तानी रकमको विवरण यस प्रकार रहेको छ ।
<table>
<tr><td>क्र.स.</td><td>योजनाको नाम</td><td>भूक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>खिम प्रसाद रेग्मीको घर देखि सगरमाथा ज्ञानगुन्ज सडक मर्मत</td><td>११३४३०२।-</td><td></td></tr>
<tr><td>२</td><td>डुडूवा पुल देखि रजगड्वा सडक मर्मत</td><td>५६१४४८।-</td><td>सडक वोर्डको ७० प्रतिशत</td></tr>
<tr><td>३</td><td>जन ज्ञान ज्योती मा.वी.चोक देखि बैजनाथ ४ जोड्ने सडक</td><td>५३०८२५।-</td><td>सडक वोर्डको ७० प्रतिशत</td></tr>
<tr><td>४</td><td>कोहोलपूर नगरपालिका पूजिगत</td><td>९२०३८५।-</td><td>सडक वोर्डको ७० प्रतिशत</td></tr>
<tr><td>५</td><td>महेन्द्र राजमार्ग देखि दुर्गा मन्दिर सडक मर्मत</td><td>६८६९०५।-</td><td>सडक वोर्डको ७० प्रतिशत</td></tr>
<tr><td>६</td><td>चटार गाउँ देखि स्कुल हुँदै मन्नापूर जाने सडक मर्मत</td><td>७७२८५२।-</td><td></td></tr>
<tr><td colspan="4">जम्मा ४६०६७१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td>14</td><td>२०७८-२-२७</td><td>नन्फाईलर<br><br>नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट निवुवा चोक देखि उत्तर वुद्द्ध टोल सम्म सडक कालोपत्रे 300मि.</td><td>९९,१६८.५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | के.आर कन्टस्ट्रक्सनलाई (कर दर्ता न. 604174987) भूक्तानी गरेको लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइकोले मू.अ.क. समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. | |
| १० | 2 | | **पेश्की**<br><br>**पेश्की कट्टा नगरेको** कोहलपुर नगरपालिका चक्रपथ निर्माण कार्यका लागी मिति २०७७।१०।२० सम्ममा कार्यसम्पन्न गर्ने गरी २०७७।३।३० मा निर्माण व्यवसायी क्न्टक्सन सँग १६९८७७४८ को सम्झौता भएको छ । सम्झौताको शर्त न ४९।९ मा ३० प्रतिशत कार्य प्रगती पश्चात रनिङ्ग बिलको ३० प्रतिशतले पेश्की कट्टी गर्ने प्रावधान बमोजिम प्रथम बिल रु ७५८२४७२को ३० प्रतिशतले हुने रु २२७४७४१ पेश्की कट्टा गर्नु पर्नेमा २०००००० मात्र घटाई रु २७४७४१ घटी कट्टी गरी निर्माण व्यवसायीलाई अतिरक्त लाभ दिएको अनियमित देखिएको रु | २७४,७४१ |
| ११ | | | **चौमासिक खर्च** | |
| ११.१ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २077 को नियम 35 बमोजिम स्वीकृत भएको कार्यक्रममा बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| 1 | चालु खर्चतर्फ | 471,171,523.92 | १०,७६,८६,९२९ | १०,४८,९९,३२६.४५ | २५,८५,८५,२६८.४७ | १३,८६,०३,१८७.४० |
| 2 | पूँजिगत खर्चतर्फ | 453,686,458.57 | ९,८४,४८,२०४.०२ | ९,१९,५१,३४६.५२ | २६,32,86,9०8.०३ | १७,91,81,958 |
| **जम्मा** | | 924,857,982.49 | 20,61,35,133.02 | 196850672.97 | 52,18,72,176.50 | 31,77,85,145.40 |

| | | | | |
|---|---|---|---|---|
| | | | **प्रतिशत** \| **79.6** \| **22.29** \| **21.28** \| **56.43** \| **34.36** | |
| ११.२ | | | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७7।७8 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>केन्द्रिय अनुदानबाट प्राप्त आय \| आन्तरिक आय \| आन्तरिक आय प्रतिशत<br>813589670.42 \| 353973214.05 \| 30.32 | |
| १२ | | | **पूजिगत खर्च तर्फ** | |
| १२.१ | | | **मोविलाईजेसन पेश्कीको म्याद** गो.भौन.322 2077/11/28 पालिकाले कभर्ड हल निर्माणका लागि धुलिखेल/J.V.कोहलपूर बाँके सँग रु. 58084569.31मा 2079/11/15 सम्पन्न गर्ने गरी सम्झौता भएको छ । सम्झौताको वुदा न.G.C.C 49.1 अनुसार पहिलो पेश्की सम्झौता गरेपश्चात र दोश्रो किस्ता काम शुरु गरेपश्चात भन्ने उल्लेख भएअनुसार २० प्रतिशत पेश्की एकमुष्ठ दिएको छ ।यसरि सम्झौतामा भएको शर्त पालना नगरी पेश्की दिएको अनियमित भएको रु.50,00000 सार्वजनिक खरीद नियमावलि,2064 को नियम 13 को उपनियम 4 मा पेश्की जमानतको मान्य अवधि खरीद सम्झौतामा उल्लेख भएको पेश्की फर्छौट गर्नु पर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा अवधिकव हुनु पर्ने कुरा उल्लेख छ।पालिकाले दिएको पेश्की जमानतको म्याद 31 aug 2021 मा समाप्त भैसकेकोमा म्याद थप नभएकोले पेश्की जमानतको म्याद थप हुनुपर्दछ । | ५,०००,००० |
| १२.२ | | | **बस पार्क निर्माण-** नगरपालिकाले वडा न. ११ मा 33860 व.मि.क्षेत्रफलमा आधुनिक वस पार्क निर्माणका लागि एक परामर्शदाता बाट विस्तृत आयोजना प्रतिवेदनतयारि गराई सोहि वमोजिम रु.448293484.93 को लागत अनुमान तयार भएकोमा वोलपत्र आहवान भई रु. 278466695(37.88% घटी) मा निर्माण व्यवसायी श्रीखड्का/दया/सगुन J.V.सँग 2077/11/24 मा सम्झौता भएको छ ।कार्यपालिकाको 2077/05/04 को निर्णय अनुसमर नगर विकास समितिको 39 603.45 व.मि. 25वर्षका लागि लिजमा लिने निर्णय भएको छ ।सम्झौता अनुसार उक्त package को Item हरुमा टर्मिनल block, | |

| | | | | |
|---|---|---|---|---|
| | | | सटरहरु, स्टोर,मर्मत संभार व्लक,सुरक्षा स्टेशन,शौचालय,छोटो दूरी र लामो दुरीको २ वटा छुट्टाछुट्टै पार्किङ्ड टिकट काउन्टर लगायतका संरचनाहरु रहेका छन् । निर्माण सम्झौताको अवधि 2079/11/25 सम्म रहेको छ भने यस वर्ष मोविलाईजेसन पेश्की रु 3 करोड मात्र भूक्तानी भएको छ । | |
| १२.३ | | | **ऋण सम्झौता-** 2077/06/23 मा बसपार्क निर्माणको लागि नगर विकास कोष सँग सम्झौता अनुसार कुल ऋण रकम रु 27,99,18,000।- र ग्रेस अवधिसमेत भूक्तानी अवधि २० वर्ष रहने उल्लेख छ । वार्षिक 8 प्रतिशत व्याज दरमा ३४ किस्तामा २०८० पौष देखि भूक्तानी शुरु गरी अन्तिम भूक्तानी २०७९ मा हुने उल्लेख छ ।<br>यस वर्ष नगर विकास कोष नेपालबाट रु.44809320।- प्राप्त भएकोमा ऋण खाता राखेको पाईएन । ऋण खाता अभिलेख नराख्दा ऋण रकम कहिले कुन मितिमा कति रकम र सो को तिर्नुपर्ने व्याज र किस्ता रकम, भूक्तानी हुनुपर्ने मिति,रकम अवधि यकिन नहुने हँदा उक्त अभिलेख राखि ऋणको सावा व्याज हिसावलाई व्यवस्थित र यथार्थपरक वनाउनु पर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,2074 को दफा १४ मा स्थानिय सरकारले आन्तरीक ऋण लिनु अघि राष्ट्रीय प्राकृतिक श्रोत तथा वित्त आयोगले शिफारीस गरेको सिमा र नेपाल सरकारको सहमति लिनुपर्ने,ऋणको सहमति माग गर्दा आन्तरीक ऋण बाट संचालित योजना वाट प्राप्त हुन सक्ने प्रतिफल र उपलव्धी, ऋण भूक्तानी योजना सहितको विवरण पेश गर्नुपर्नेमा शिफारीस र सहमति वेगर ऋण सम्झौता गरेको छ । उक्त योजना वाट प्राप्त हुने आम्दानी प्रक्षेपणको विवरण लेखापरीक्षणका क्रममा पेश भएको छैन । | |
| १२.४ | | | **वितरणको भरपाई-** कुन्दन फलफूल वागवानी फर्मबाट रु.498000।-विभिन्न जातका विरुवा खरीदगरेकोमा वितरणको भरपाई श्रेष्ताको साथमा नभएकोले वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु. | ४९८,००० |

| | | | | |
|---|---|---|---|---|
| १२.५ | | | **कन्टिन्जेन्सी खर्च भूक्तानी-** 078/2078/03/16 शान्तिनगर देखि रझेना जाने सडक ग्राभेलको काममा रु.450000।-मा उपभोक्ता समिति सँग सम्झौता भएकोमा सो को ३ प्रतिशत ले हुने कन्टिजेन्सि रकम रु.13500।- कट्टी नगरी पूरै रकम भूक्तानी दिएको देखिएकोले उक्त रककम असुल हुनुपर्ने रु. | १३,५०० |
| १३ | | | **कर्मचारी करार**<br><br>**कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु 14993000।- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी बर्षभरीमा रु 14993000।- भुक्तानी गरेको अनियमित देखिएको रु | १४,९९३,००० |
| १४ | | | **खर्चमा मितव्यिता कायम गर्नुपर्ने**<br><br>**खर्च मितव्यिता कायम गर्नु पर्ने**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमाआवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो । | |

| शीर्षक | |
|---|---|
| | आ.व 2077/78 |

| | |
|---|---|
| सभामापेश भएको कुल बजेट | 1042557326 |
| अवण्डाबजेट | 1161307276 |
| रकमान्तरभएको रकम | |
| खर्च तर्फ | |
| मर्मतखर्च | 1279000 |
| ईन्धनखर्च | 2763000 |
| विविधखर्च | 2500000 |
| आर्थिकसहायता | 308000 |
| अनुगमनखर्च (TADA) | 1901000 |
| भ्रमणखर्च | 143000 |
| सेवार परामर्श | 11000000 |
| कर्मचारीपारिश्रमिक | 44778000 |
| पदाधिकारीपारिश्रमिक | 18813000 |
| बैठकभत्ता | 0 |
| प्रोत्साहनभत्ता | |
| कुलकन्जिजेन्सी खर्च | 429000 |
| कराररसेवामा खर्च रकम | 14993000 |

प्रोत्साहन खर्चको मापदण्ड कार्यविधि तयार नगरी मितव्ययी तवरले खर्च गरेको छैन । विद्युतिय हाजिरी अभिलेख र सुचक बेगर प्रोत्सान खर्च लेखेको छ ।

भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो ।

| | | | | |
|---|---|---|---|---|
| | | | मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।<br>निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।<br>विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो ।<br>यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ । | |
| १५ | विभिन्न | | **पेश्की**<br><br>**पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली तथा सार्वजनिक खरीद नियमावली २०६४ तोकिए अनुसार पेश्की दिने र फर्छ्यौट गर्ने व्यवस्था रहेकोमा पालिका वाट आर्थिक बर्ष २०७७।२०७मा देहायबमोजिम व्यक्ती तथा संस्थाहरुलाई भुक्तानी भएको पेश्की आर्थिक बर्षको अन्त्य सम्म फर्छ्यौट नभएकोले निमानुसार फर्छ्यौट गर्नु पर्ने रु | २३,१०४,००० |

| सि.नं. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्कीको विवरण | जम्मा |
|---|---|---|---|
| १ | असोसीयट । जय भवानी जे भी | भ्यु टावर तथा घण्टाघर निर्माण क्रमागत | ५५००००० |
| २ | निशान बिल्डर्स | वडा नम्बर १ कौशिला नगर ख लाईन बाटो कालोपत्रे क्रमागत | ३४००००० |
| ३ | पिस कन्स्ट्रक्सन एण्ड बिल्डर सेवा | सुर्खेत रोड देखि बैजनाथपुर पुल सम्म जोड्ने सडक कालोपत्रे | २६५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ४ | पिस कन्स्ट्रक्सन एण्ड बिल्डर सेवा | वडा नं १२ भवन निर्माण | ४८६००० | |
| | | | ५ | पिस कन्स्ट्रक्सन एण्ड बिल्डर सेवा | वडा नं १३ भवन निर्माण | ४००००० | |
| | | | ६ | धुलिखेल ।जे.के.जे.भि. | कभर्डहल निर्माण | ९५००००० | |
| | | | ७ | खड्का।दया।सगुन जे.भी. | लामो दुरीको बसपार्क निर्माण | ४००००००० | |
| | | | ८ | अग्निप्रसाद अाचार्य | भैपरी आउने चालु खर्च | ३०,००० | |
| | | | ९ | बिक्रम थारु | अन्य कार्यालय संचालन खर्च | १०,००० | |
| | | | १० | बिक्रम थारु | विविध खर्च | ० | |
| | | | ११ | प्रमोद कुमार विश्वकर्मा | कृषि शाखा सञ्चालन तथा प्रशासनिक खर्च | ७,००० | |
| | | | १२ | सुनिता चौधरी | मसलन्द तथा कार्यालय सामाग्री | ५,००० | |
| | | | १३ | हरिवहादुर ओली | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | ० | |
| | | | १४ | कोहलुर-बैजनाथ संयुक्त जोखिम तथा आपतकालीन उद्धार शासन कार्यदल | उद्धार राहात पुनर्स्थापन | ९००००० | |
| | | | १५ | नेपाल बिद्युत प्राधिकरण | पानी बिजुली | २६७२५१.७२ | |
| | | | १६ | सि.इ.आर.डि. नेपाल प्रा.लि. | सेवा र परामर्श खर्च | ० | |
| | | | १७ | नेपाल बिद्युत प्राधिकरण | विद्युत पोल स्थानतरण गर्नको लागी | ५३९९०५ | |
| | | | १८ | नेपाल बिद्युत प्राधिकरण | समपुरक कोष | ४०६४४० | |
| | | | १९ | नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | बिद्यतपोल स्थान्तरण वडा नं ५ र ११ | १६०१६० | |
| | | | २० | लक्ष्मि माबि काेहलपुर २ बांके | परीक्षा व्यवस्थापन अनुदान | १८००००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २१ | कोहलपुर माध्यमिक विद्यालय | भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान | ३६०००० | |
| | | | २२ | त्रिभुवन माध्यामिक बिद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | १७९१००० | |
| | | | २३ | त्रिभुवन माध्यामिक बिद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ८२०९००० | |
| | | | २४ | कोहलपुर माध्यमिक विद्यालय | भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान | ११९५००० | |
| | | | २५ | कोहलपुर माध्यमिक विद्यालय | तोकिएको भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान | २४५००० | |
| | | | २६ | जटायु रिसाइक्लर्स प्रा.लि. | अन्य सार्वजनिक निर्माण | ५३५५००० | |
| | | | २७ | ६ नं. वडा कार्यालय भवन निर्माण क्रमागत उपभोक्ता समिति | ६ नं. वडा भवन निर्माण | ० | |
| | | | २८ | श्री लक्ष्मी माध्यमिक विद्यालय | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | ३२३५९५ | |
| | | | २९ | सामुदायिक रेडियो प्रतिबोध एफ.एम. एम्बुलेन्स खरिद उ.स. | एम्बुलेन्स खरिद | १४९९६४८ | |
| | | | ३० | रामजानकी संस्कृत गुरुकुल विद्यालयको भवन निर्माण उ.स. | विद्यालयको भवन निर्माण | ० | |
| | | | | | | ७९५९५००० | |
| १६ | | | **शर्शत चालु** | | | | |
| १६.१ | 0 | | **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था | | | | |

रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ मिति २०७७।४।१५ रू.८३६१५४८०२५।०० र प्रदेश सरकार तर्फ मिति २०७७।४।१३ मा रु २३७१६२८२।०० फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 383,149,950.01 | 300,119,882.08 | ८,३०,३०,०६७.९३ | छैन |
| | विषेश | 31,666,666.32 | 31,081,254.00 | ५,८५,४१२.३२ | छैन |
| | समपुरक | 8,466,644.00 | 8,466,644.00 | 0 | छैन |
| प्रदेशसरकार | शसर्त | 40,850,000.00 | 18,764,823.00 | २,२०,८५,१८० | छैन |
| | विषेश | 7,000,000.00 | 5,368,898.00 | १६,३१,१०२ | छैन |
| | समपुरक | 15,000,000.00 | 15,000,000.00 | 0 | छैन |

१६.२

फोहोरमैला व्यवस्थापन तर्फ

नगरसभा फोहोर व्यवस्थापनका लागी नगरपालिका र जटायू रिसाइकलर्स प्रा लि संग मिति मा रु ९५३६१००।०० सम्झौता भएकोमा उक्त प्रा लि ले काम शुरु गरे नगरेको सम्वन्धमा संम्झौता अनुसार प्रगति विवरण पेश भएको देखिएन । सो को प्रगति विवरण समयमै पेश हुने व्यवस्था मिलाइ संचालित कामको नगरपालिका द्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **सिकलसेल एमोनिया**<br><br>**सिकलसेल एमोनिया**<br>बंषाणू गतमा रुपमा जिनको खरावीका कारणले देखा पर्ने सिकलसेल एमोनियाको चेकजाँच ल्याव स्थापना व्यवस्थापन तथा सचेतना कार्यक्रम संचालन गर्न पालिकाले आर्थिक बर्ष २०७६।७७ र ७७र७८मा गरी कुल २२७४०२५० खर्च गरेको छ । जस अनुसार हाल सम्म ७६६० जनाको परीक्षण गर्दा बिरामी संख्या ३८ र बाहक संख्या ७०० जना देखिएको विवरण प्राप्त भएको छ ।हाल सम्म ३७५ डोज खोप खरिद भएकोमा १० जनाले पुर्ण खोप पहिलो र दोस्रो १७ जनाले लगाई ९८ डोज खोप खर्च भएको २७७ मौद्जात रहेको छ । ६९ प्याकेट HPLC र ३० प्याकैट CBC रिएजेन्ट प्राप्ती भएकोमा क्रमश ३६ र १६ प्याकेट रिएजेन्ट बाँकी रहेको विवरण प्राप्त भएको छ । खोप तथा रिएजेन्ट कीटको उचित भण्डारण र सुरक्षा गर्नु पर्दछ । | |
| १८ | | | **आन्तरीक लेखापरीक्षण बाट कायम भएका बेरुजु** | |
| १८.१ | | | २०७७-०५-१५ कोहलपुर नगरपालिका वडा नं २ को वडा सचिव चन्द्रा कुमारी तिवारीले कोरोना पिडितहरुलाइ राहत वापत खाद्यान्न वितरण गर्न लिएको पेश्की रु ३४२१००।०० पेश्की फछ्र्यौट गर्दा न.पा.ले ३११ परिवारलाइ प्रतिपरिवार ११००।०० का दरले रु ३४२१००।०० बरावरको राहत वितरण गर्ने मापदण्ड स्वीकृत गरेकोमा ३४८ घरपरिवारलाइ वितरण गरेको भनि विवरण पेश गरेकोमा ३४४ जनाको मात्र विल भर्पाइ भएकोमा भर्पाइ संलग्न नभएको संख्या ४ को प्रतिपरिवार रु ९८४।०० का दरले असुल हुनुपर्ने रु 3936 | ३,९३६ |
| १८.२ | | | ३१८/२०७८।०३।२७बाट गो.भा.नं. 275 को भूक्तानि बाँकी भनि दिलसरा विष्टलाइ भूक्तानि भएको रकमगोभानं २७५ मा संलग्न कागजात अनुसार कूल खर्च रकम रु १०१८७३८।०० मध्ये निजकोपेश्की फर्छौट रु २०००००।०० र विभिन्न कर कट्टा रु १४१०७।०० सम्त जम्मा रु२१४१०७।०० कट्टा गरी बाँकी रकम रु ७२६३५८।०० निजका नाममा भूक्तानि भएको हुदाउक्त भौचरमा निजले पाउनु पर्ने कुनै पनि दायित्व बाँकि नै नरहेको भएतापनि विलभर्पाइ बेगर भूक्तानि भएको रकम निजबाट असुल उपर गरी दाखिला गर्नु पर्ने रु | १५९,३९२ |

| | | | | |
|---|---|---|---|---|
| १८.३ | | | **२५७/२०७८।०३।२०** युवराज रेग्मी कोहलपुर वडा नं. १० बस्ने संग मिति २०७८।०१।०२ गते व्यक्तिगत घटनादर्ता अभिलेख डिजिटाइसेन कार्यको लागि रु ५३३०००।०० सम्झौता अनुसार भूक्तानि भएको देखियो ।एम.आइ.एस. अप्रेटरका रुपमा कार्यालयमा कार्यरत कर्मचारी संगकार्यालयले छुट्टै सेवा सुविधा पाउने गरी सम्झौता गरेकोमा दोहोरो सेवा सुविधापाउने आफ्नै कार्यालयमा कार्यरत कर्मचारी संग सम्झौता गर्न पाउने कानूनी आधारपेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने रु | ५२७,६७० |
| १८.४ | | | २०९/२०७८।०३।०१राष्ट्रियपरिचय पत्र वितरण समितिको बैठक बसेको भनि भूक्तानि भएको रकम रु ६००००।०० मध्येबैठक संखया ४(चार) को मात्र भूक्तानि हुनु पर्नेमा बढी दिनको बैंक भूक्तानि भएकोरकम असुल उपर गरि (संघिय संचित कोष खातामा)बेरुजु दाखिला गर्नु पर्ने रु | ९,३५० |
| १८.५ | | | २७६/२०७८।०३।२२तेज कुमार वि.सी.लाइ प्रविधि हस्तान्तरण वापत भूक्तानि भएको रकम विल बमोजिमको रु१२१७२७।०० मध्ये संलग्न विलको जोड जम्मा रु १०००२६।०० मात्र भएको हुँदा नपुग विलभर्पाइ बेगर भूक्तानि गरेको रकम निजबाट असुल उपर गरी दाखिला गर्नु पर्ने रु | १९,८७५ |
| १८.६ | | | ६४८-२०७८।०३।२५-१३ नं. वडा स्थित कादपका मन्दिर देखि भैरैया जाने बाटोमा सडक बत्ती जडा गर्ने कार्यको प्राविधिक मूल्यंकन रु ३१९३६४।०० भएकोमा उपभोक्ता समितिको योगदान वापत रु ४७९०४।०० कट्टा गर्नु पर्नेमा रु १९३६४।०० मात्र कट्टा गरेकोले न्यून रकम रु २८५४०।०० असुल हुनुपर्ने रु. | २८,५४० |
| १८.७ | | | १६७-२०७७।०७।२६-योदेन मिडिया कामनपा ४ संग मिति २०७६।१२।०६ गते भएको सम्झौताको दफा १० बमोजिम अन्तिम प्रतिवेदन लगायत आवाधिक योजना निर्माण संग सम्बन्धित कागजात तथा दस्तावेज पेश नहुँदै भूक्तानि दिएको रकम नियम संगत नभएकोले आवाधिक योजना तथा दस्तावेज पेश हुनु पर्ने रु | ६००,००० |

| | | | | |
|---|---|---|---|---|
| १८.८ | | | १५५-२०७७।०७।२३-कालिका ताजा तरकारी समूह र कोहलपुर नगरपालिका विच मिति२०७७।०३।१२ मा भएको सम्झौता अनुसार वाली वीउ उत्पादन गर्न प्रति १०००।०० का दरले रु १०००००।०० सम्म अनुदान दिने र २५०००।०० समूहले व्यहोर्नु पर्ने व्यवस्था भएता पनि समूहले पेश गरेको विल अनुसार समूहको कुल खर्च रु १०६२५।०० मात्र देखियो । २ नं वडा कार्यालयको शिफारिश पत्रमा १।१४।० अर्थात ३४ कट्ठा मात्रको प्रमाण पेश भएको र सोही जग्गामा धानको वीउ लगाएकोले प्रति कट्ठा रु १०००।०० का दरले रु ३४०००।०० मात्र दिनु पर्नेमा रु १०००००।०० भूक्तानि दिएकोले बढी भूक्तानि रु ६६०००।०० असुल हुनु पर्ने रु. | ६६,००० |
| १८.९ | | | १२८-२०७७।०६।२१-श्रीराम माध्यामिक विद्यालय देखि हवलदारपुर वाउण्ड्री पर्खाल निर्माण उपभोक्ता समिति संग भएको सम्झौता अनुसार उपभोक्ताले व्यहोर्ने रकम समेत कुल लागत अनुमान रु४२९६१६।३५ भएकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार ४००२०७।२७ मात्र भएकोमा उपभोक्तालाइ भूक्तानि हुनुपर्ने पालिका अनुदान रु ३६०१८६।३२(९०प्रतिशत)मात्र भएकोमा उपभोक्ताको लगत कम कट्टा गरेको रकम रु४००२०७।२७ को ९० असुल हुनुपर्ने रु | ९,८१३ |
| १८.१० | | | ३२-२०७७-०५-२१-नेपाल राष्ट्रिय आधारभूत विध्यालय दुइ कोठे भवन निर्माण उपभोक्ता समितिलाइ फाइनल विल भूक्तानि दिंदा प्राविधिक प्रतिवेदन, ठेक्का विल मा रु १७६०००।०० नगरपालिकाले व्यहोर्नु पर्नेमा रु १९४०००।०० भूक्तानि भइ रु १८०००।०० बढी भूक्तानि भएको असुल गर्नुपर्ने रु | १८,००० |
| १८.११ | | | ६५२-२०७८।०३।२५-ठेक्का नं BANKE/KOMUN/W/NCB-२१/07५/07६ बाबानगर चोक देखि मन्दिर जोड्नेबाटो कालोपत्रे गर्ने कार्यका निर्माण व्यवसायी अमि ऋषि कन्स्ट्रक्सनलाइ V.O. स्वीकृत नगराइ विभिन्न आइटममा BOQ भन्दा बढी परिमाणको काम गरेको भनि रु ७४५५१।०० बढी भूक्तानि भएको नियम संगत नभएको रु. | ७४,५५१ |

| | | | | |
|---|---|---|---|---|
| १८.१२ | | | ६५५-२०७८।०३।२७-कोहलपुर नगरपालिका वडा नं १४ स्थित कृषि हाटबजार केन्द्र निर्माणको लागि कृषि व्यवसाय प्रबर्धन सहयोग तथा तालिम केन्द्र खजुराले ६० प्रतिशत तथा कोहलपुर नगरपालिकाले ३५ प्रतिशत र हाटबजार समितिले ५ प्रतिशत व्यहोर्नेगरी सम्झौता भएको देखिन्छ । प्राविधिक विल र कार्य सम्पन्न प्रतिवेदनबाट्टट रु २७३९८५०।०१ को काम भएको देखिन्छ । सो अनुसार नगरपालिकाले रु ९५७८९७।५० भूक्तानि दिनु पर्नेमा रु १०४०००३।०० भूक्तानि दिएकोले बढी भूक्तानि भएको रु ८२१०५।०० असुल हुनुपर्ने रु. | ८२,१०५ |
| १८.१३ | | | १०७-२०७७।०६।०९-वडा नं १३ नयाँ बस्ती टोलमा मेशजाली निर्माण कार्य वापत हिमाल कन्स्ट्रक्सनलाइ भूक्तानि गर्दा कामको मूल्यांकन मा दर रेट फरक पारी बढी भूक्तानि दिएको पाइयो । प्राविधिक मूल्यांकन अनुसार रु ३९९७०८।०० भूक्तानि दिएको तर वास्तविक मूल्यांकन रु ३८९९५५।९३ हुने भएको हुँदा बढी भूक्तानि असुल हुनु पर्ने रु | ९,७५२ |
| १८.१४ | | | ८६-२०७७।०५।२९-यूनुसको घर देखि खालिल जागाको घर सम्म पक्की नी निर्माण उपभोक्ता समितिलाइ भूक्तानि दिंदा ल.इ. अनुसार कार्यालयले व्यहोर्ने रु ९७००००।०० र उपभोक्ताले व्यहोर्ने रु. १६८६९४।००कन्टेन्जेन्सी रु.३००००।०० भएको कामको कम मूल्यांकन रु १०१२५३८।२८ भएकोमा कार्यालयले कन्टेन्जेन्सी रु ३०३७६।०० खर्च लेखेकोले रु ३७६।००बढी भूक्तानि भएको । उपभोक्तालाइ भूक्तानि हुनु पर्ने रकम रु ८६०६५७।५२मात्र भएकोमा रु ८७७८७०।६८ भूक्तानि भएकोले बढी भूक्तानि भएको रकम रु १७२१३।१५ असुल हुनु पर्ने रु. | १७,२१३ |
| १८.१५ | | | १०८-२०७७।०६।०९-वडा नं १४ हवल्दारपुर त्रिवेणी देखि ढारेपुर सम्म ह्युम पाइप कार्य वापत पिस कन्स्ट्रक्सनलाइ रु ४८७१८४।०० भूक्तानि दिएकोमा विजक संलग्न नभएको हुंदा विजक पेश हुनु पर्ने रु. | ४८७,१८४ |

| | | | | |
|---|---|---|---|---|
| १८.१६ | | | ३८७-२०७७।१२।२५-कोहलपुर न.पा.११ स्थित गोलपार्क भ्यूटावर निर्माण निम्ति ठेक्का बन्दोबस्त भै निर्माण कार्य भै रहेकोमा सोही कामको ल.इ. मा माटोपटान गर्ने कार्य समावेश नगरी छुट्टै दरभाउ पत्र लिइ सोझै खरिद गरी माटोपटान गराइ जय भवानी निर्माण सेवालाइ रु ४९०३००।०० भूक्तानि दिको छ । कूल लागत अनुमानमा कन्टेन्जेन्सी समावेश गर्दा रु ५१३२०३।९१ हुने हुदा सोझै खरिद गरेको नियम संगत नभएको रु. | ५१३,२०३ |
| १९ | | | **आन्तरीक लेखापरीक्षण बाट कायम भएका बेरुजु** | |
| १९.१ | | | **गो.भा.नं. २८/2077/०५/30** साना किसानउध्यमि परियोजना संचालनको लागि मिति २०७६।१०।०५ गते हेफर नेपाल र कोहलपुरनगरपालिका विच सम्झौता भएकोमा निम्न बमोजिम भएकोः-<br>-**१. हेफर**नेपाल गैह्र सरकारी संस्था भएको र उक्त संस्था मूल्यअभिबृद्धीकरमा दर्ता भएको देखिएन ।---<br>-**२.**पालिका स्तरमा कृषि, पशु, स्वास्थ्य, खानेपानी, शिक्षा, लगायतअन्य सामाजिक क्षेत्रमा कार्यगर्ने विषयगत शाखा तथा विषयगत विशेषज्ञ कर्मचारीकोसम्बन्धित क्षेत्रमा सेवा प्रवाह र उक्त कार्यक्रम संचालन गर्न सक्ने दक्षतानभएको भन्ने स्पष्टता नभएकोमा कन्सल्टेन्सी हायर गर्नु पर्ने औचित्यताको आधारबेगर भएको ।---<br>-**३.**स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) को १(क) मा नगरप्रमुखको काम कर्तव्य र अधिकारको व्यवस्था अनुसार नगर प्रमुखले खरिद समबन्धीकार्य गर्न पाउने व्यवस्था उल्लेख नभएकोमा सो विपरित नगर प्रमुखबाट खरिद सम्झौताभएको ।---<br>-**४.**स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८४(२) को (ट) मा प्रमुख प्रशासकियअधिकृतले सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने गराउनेव्यवस्था भएकोमा प्रमुख प्रशासकिय अधिकृत रोहवरमा बसेको ।---<br>-**५.**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५०(१)मा कार्यालयले मालसामान खरिद गर्नसेवा उपलव्ध गराउन वा निर्माण सम्बन्धी कामको लागि सरकारी कर्मचारी बाहेक कुनैव्यक्ति, फर्म, संस्था वा कम्पनिलाइपेश्की दिंदा प्रचलित कानून बमोजिम बैक जमानत लिनु पर्ने व्यवस्था रहेकोमा सोविपरित पेश्की दिएको ।--- | १३,३४८,६८७ |

| | | | | |
|---|---|---|---|---|
| | | | -**6.** उल्लेखित सम्झौता रकम रु. १७७९८२५०।०० को ७५ प्रतिशत रकमनगरपालिकाले व्यहोर्ने रु.१३३४८६८७।०० को खरिद सम्झौताका सम्बन्धमा कानुनलेप्रदान गरेको अधिकार प्राप्त अधिकारीले अधिकार प्रयोग नगरी कानूनले अधिकारप्रदान नगरेको व्यक्तिबाट भएको सम्झौतालाइ कानूनसम्मत मान्न नसकिएको रु १३३४८६८७.०० | |
| १९.२ | | | **गो.भा.नं. 180/2077/07/26**आर्थिककार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९, ५६ र ५७ तथानेपाल सरकारको लेखा निर्देशिका २०७३कृष्णबहादुर के.सी. लाइ ग्रिन बेल्टमा रहेका घाँस कटान, विरुवा छटान कार्य गरेको भनिडोरहाँजिरी संलग्न गरी ज्यामी संख्या ११ समेतको भूक्तानि दिएकोमा कार्य विवरण रकार्य सम्पन्न प्रतिवेदन तथा डोर हाँजिरी नियन्त्रण खाता समेत नभएबाट उक्त कार्यभएकै हो भन्ने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १४७,७७५ |
| १९.३ | | | **गो.भा.नं. १२०/2077/07/03** सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिदविधि र प्रकृयाको व्यवस्था गरिएकोमा वातावरण तथाग्रामिण विकास केन्द्र संग मिति २०७७।०४।०१ मा सुशासन हेल्प डेक्स संचालन गर्नरु.४५०००००।०० को सम्झौता भएकोमा सोही अनुसार प्रथम किस्ता रु ११५३५००।०० भूक्तानि गरेकोदेखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ कोपरिच्छेद ६ माभएको व्यवस्था विपरित कार्यपालिकाबाट सोझै वातावरण तथा ग्रामिण विकास केन्द्रसंग सम्झौता भएको अनियमित देखिएको रु- | ४,५००,००० |
| १९.४ | | | **५९९/२०७७।१२।२५** मिडिया सेन्टर प्रा.लि. लाइ विल बिजक बेगर भूक्तानि भएको रकमको विजक पेश हुनुपर्नेमा नभएकोले खर्च प्रमाणित गर्ने विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल उपर हुनुपर्ने रु | ९७,२५० |
| १९.५ | | | **गो.भा.नं. २/2077/05/15** आर्थिककर्यविधि तथा वित्तिय उत्तरदायि ऐन, २०७६ को दफा २५, र नियमाली, २०७७ को नियम३९बमोजिम खरिद गर्नुपर्ने मालसामानको लागत अनुमान तयार गरी सोहिनियमावलीको नियम १४ अनुसार | ४९२,२९८ |

<table>
<tr><td></td><td></td><td></td><td>अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खरिद प्रकृयापुरा गर्नु पर्नेमा पुरुषोत्तम पोख्रेलको पेश्की फर्छौट गर्दा स्वीकृत लागतअनुमान तयारी तथा स्वीकृति बेगर कम्बल खरिद गरकोमा सार्वजनिक खरिद नियमावलीविपरित भएकोले नियम संगत नभएको रु४९२२९८.००</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>२०.१</td><td>विभिन्न</td><td></td><td>जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>बागेश्वरी वहुमुखि क्याम्पस भवन निर्माण उपभोत्ता समिति</td><td>भवन निर्माण</td><td>११४८४५३।-</td></tr>
<tr><td>भरैया डुडुवा खोलामा पक्की पुल निर्माण</td><td>पक्की पुल निर्माण</td><td>१४०७४००।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.२</td><td>विभिन्न</td><td></td><td></td><td></td></tr>
</table>

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम**- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना सञ्चालन गर्न बजेट प्राप्त भएकोमा १०० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।

| क्र. सं | **योजनाको नाम** | **संचालित स्थान** | **कुल विनियोजित बजेट** | **कुल लागतअनुमान** | | | | **निर्माण कार्यको किसिम** | **योजना सम्झौता मिति** | **कार्य प्रगति%** | **संसद विकास कोषको खर्च** | **स्थानिय तहको खर्च** | **ज** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **जनश्रमदान** | **कार्यक्रमबाट** | **कार्यालय कोयोगदान** | **जम्मा** | | | | | | |
| १ | दलित संग्राहलय भवन निर्माण | वडा २ | ४९२०००० | 868285 | ४१०००००० | ८२०००० | ५७८८२८५ | उपभोक्तासमिति | २०७७/११/१४ | १०० | 3976999 | 394344 | 43 |
| २ | निबुवा चोकदेखि उत्तर बुद्धटोल सम्म सडक कलोपत्रे 300 मि. | वडा१२ | 3000000 | 0 | 2500000 | 500000 | ३०००००० | ठेक्का | २०७६/१०/१४ | १०० | 2724007 | | 27 |
| ३ | ओमशान्ती विश्राम हल निर्माण | वडा२ | 1200000 | 130865 | 1000000 | 200000 | १३३०८६५ | उपभोक्तासमिति | २०७७/१२/२३ | १०० | 970000 | 200000 | 11 |
| ४ | प्रगतिनगर दर्गा मन्दिरचोकदेखि पश्चिम पंचरामको नर्सरी जोड्नेसडकमा | वडा ५ | 1200000 | 203396 | 1000000 | 200000 | १४०३३९६ | उपभोक्तासमिति | २०७८/०२/१६ | १०० | 970000 | 56000 | 10 |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पक्की नाली पुर्णता | | | | | | | | | | | | | |
| | | | ५ | रत्न राजमार्गदेखि पुर्व बबई टोल हुँदै भवानीपुर दुर्गामन्दिरजोड्ने बाटोमा पक्की नालीसहित बाटो स्तरोन्नती | वडा ९ | 1440000 | 257647 | 1200000 | 240000 | १६९७६४७ | उपभोक्तासमिति | **२०७७/११/०७** | १०० | 1164000 | | 229000 | 13 |
| | | | ६ | कोहलपुर मा.वि. आधुनिक शौचालय निर्माण | वडा ११ | 1200000 | 258368 | 1000000 | 200000 | १४५८३६८ | उपभोक्तासमिति | २०७७/२/१ | १०० | 970000 | | 500000 | 14 |
| | | | ७ | बागेश्वरी बहुमुखी क्याम्पस हल निर्माण | वडा ११ | 1200000 | **201517** | 1000000 | 200000 | १४०१५१७ | उपभोक्तासमिति | २०७७/०९/२८ | १०० | 1000000 | | 148453 | 11 |
| | | | ८ | रझेना सामुदायिक भवन निर्माण | वडा ६ | 1200000 | 159603 | 1000000 | 200000 | १३५९६०३ | उपभोक्तासमिति | २०७६/१२/७ | १०० | 964000 | | 198413 | 11 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | रत्न राजमार्ग शहीद निसान चोकदेखि बर्दहवा स्कुल जोड्ने मार्गस्तरोन्नती | वडा २ | 1200000 | 210038 | 1000000 | 200000 | १४१००३८ | उपभोक्तास मिति | २०७७/१०/२३ | १०० | 970000 | | 180329 | 11 |
| | | | १० | श्री जनज्ञानज्योती मा.विको माथिल्लो तला निर्माण | वडा २ | 2160000 | 456213 | 1800000 | 360000 | २६१६२१३ | टेण्डर/उ.स | २०७७/१०/२९ | १०० | 1746000 | | 360000 | 21 |
| | | | ११ | नरेन्द्र पाण्डेको घरदेखि पुर्व यज्ञराज सुवेदीको घईरसम्म सिँचाईकुलो निर्माण | वडा ३ | 1200000 | **200693** | 1000000 | 200000 | १४००६९३ | उपभोक्तास मिति | २०७७/१०/२१ | १०० | 1000000 | | 188686 | 11 |
| | | | १२ | भरैया डुडुवा खोलामा पक्की पुल निर्माण | वडा १३ | 1444000 | 251017 | 1220000 | 244000 | १७१५०१७ | उपभोक्तास मिति | २०७८/०२/१९ | १०० | 1183400 | | 224000 | 14 |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३ | सार्वजनिकउद्यान तथा शहीद स्मृति भवनको पुर्णता र सहीद स्तम्भनिर्माण | वडा ११ | 1200000 | 194468 | 1000000 | 200000 | १३९४४६८ | उपभोक्तासमिति | २०७७/१२/०३ | १०० | 970000 | | 100000 | 10 | |
| | | | १४ | शहिद कमल थारुको स्मृति प्रतिक्षालय देखि पश्चिम गणेशटोल हुँदैझण्डवा जाने बाटो नालीसहित स्तरोन्नती | वडा ९ | 1200000 | 203038 | 1000000 | 200000 | १४०३०३८ | उपभोक्तासमिति | २०७७/११/०७ | १०० | 970000 | | 186000 | 11 | |
| | | | | जम्मा | | २३७६४००० | ३५९५१४८ | १९८२०००० | ३९६४००० | २७३७९१४८ | | | | १९५७८४०६ | | २९६५२२५ | २ | |
| २१ | बिभिन्न | | **सोझै खरिद**<br><br>**सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद | | | | | | | | | | | | | | | ८,६२७,८२७ |

कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न निर्माण कार्य गर्दा पालिकाले प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु.८६२७८२७ को सोझै निर्माण कार्य गराएको अनियमित देखिएको रु

| निर्माण व्यवसायी | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| कान्जिरोबा ईन्फ्रास्ट्रचर लि | कालिकानगर वडा ११ जोड्ने वाटो | ४१२००० | ४०९९९६ |
| क्रिस्टल ट्रेड | ६ न वडा धारा निर्माण | ३०५००० | ३०३३८४ |
| पिस कन्ट्रक्सन | शिवटोल बाटो | ४९९००० | ४९४१७३ |
| बिजश्वरी निर्माण सेवा | वडा १० शौचालय | ४९९००० | ४९४३९८ |
| खुसि विल्ड्र्स | मेरिस्टोप बागिया कालोपत्रे | ४४०००० | ४३५५४३ |
| हमाल विल्ड्रस | प्रतिक्षालय निर्माण | २४०००० | २३८९८३ |
| शिशु निर्माण सेवा | कार्यालय पार्टिशन | ३७०००० | ३६९८७८ |
| शुभ आशिर्वाद कन्ट्रक्सन | थारु गाँउ कालोपत्रे | ४९५००० | ४९१४९८ |
| बागेश्वरी निर्माण सेवा | गन्धर्ब वस्ति पि सि सि | ५००००० | ५००००० |
| रेग्मि निर्माण सेवा | न पा स्टोर रुम | ४८०००० | ४८०००० |
| शिशु निर्माण सेवा | न पा पार्टिशन | ४२०००० | ४१७९६३ |
| प्रविभ निर्माण सेवा | मेरी स्टोप नाली निर्माण | २९५००० | २९३१७६ |
| कृष्ण बिल्ड्र्स | शिव मन्दिर बाटो | ४१०००० | ४०८०२४ |
| बि एन कन्ट्रक्सन | शोभाराम घर सम्म नाला | ५००००० | ४९६३८० |
| पि एण्ड डी कन्ट्क्सन | सुतैया पुल सम्म वाटो | ४९५००० | ४९४५८५ |
| रिवायल कन्ट्रक्सन | डल्फिन कम्पनी बाटो निर्माण | ५००००० | ४९७१५९ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>नविना कन्ट्रक्सन</td><td>लखनवार जोड्ने वाटो</td><td>५०००००</td><td>४९७३८१</td></tr>
<tr><td>मणि निर्माण सेवा</td><td>बनखेत टोल बाटो नि</td><td>३९५०००</td><td>३९२९०१</td></tr>
<tr><td>समृद्दि कन्ट्रक्सन</td><td>दुग्ध विकास सम्म बाटो</td><td>५०००००</td><td>४९५३४७</td></tr>
<tr><td>बडिमालिका कन्ट्क्सन</td><td>नाली निर्माण</td><td>५०००००</td><td>४९५४७५</td></tr>
<tr><td>शिशु निर्माण सेवा</td><td>पार्टिशन</td><td>४१८०००</td><td>४१७९६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८६२७८२७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
उपभोक्ता समिति<br><br>
सव कन्ट्याक्टरबाट काम गराएको : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ ।ज्ञानज्योति मा वि निर्माण उपभोक्ता समितिले भवन निर्माणको रु १९०५६४३को काम आफै गर्ने गरी सम्झौता गरेको मध्ये रु १३४४६४० को कार्य निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । अत सम्झौता बमोजिमको कार्य आफै नगरी निर्माण व्यवसायिवाट गराउने उपभोक्ता समिति लाई आवस्यक कारवाही नगरी रकम भुक्तानी भएको अनियमित देखिएको रु
<table>
<tr><th>शिषर्क</th><th>उपभोक्ताको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>बिजक न</th><th>कार्य विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>संघ शसर्त</td><td>ज्ञानज्योति मा वि निर्माण उ स</td><td>महिन्द्र नि सेवा</td><td>०८।७७।७।१८</td><td>भवन निर्माण कार्य</td><td>१४४६४०</td></tr>
<tr><td></td><td></td><td>जय भवानी नि से</td><td>११।७७।७।१७</td><td>टिन लगाउने कार्य</td><td>६५००००</td></tr>
</table>
</td><td>१,३४४,६४०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>जय भवानी नि से</td><td>३३।७७।३।१३</td><td>भवन निर्माण कार्य</td><td>५५००००</td></tr><tr><td colspan="5"></td><td>१३४४६४०</td></tr></table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>भेरिएसन आदेशः<br><br>भेरिएसन आदेशः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने ब्यवस्था रहेको छ । सरस्वति मा वि निर्माण कार्यका लागी न्यैपाने कन्ट्क्सन सँग रु ५९८०७८० को सम्झौता भएकोमा कार्य उक्त कार्य वापत कार्यसम्पन्न भएको आधारमा ६५७७२६८ भुक्तानी भएको छ । सम्झौता भन्दा ५९६४८७ बढी भुक्तानी भएकोमा उक्त कार्यको भेरिएशन आदेश जारी भएको छैन् । सम्झौता भन्दा बढी भुक्तानी हुनुको आधार प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु</td><td>५९६,४८७</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>प्रोत्साहन भत्ता</td><td></td></tr>
<tr><td>२४.१</td><td>विभिन्न</td><td></td><td>न्यायिक समिति पदाधिकारी तलव- लुम्विनि प्रदेश अन्तर्गतका स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, 2077 को अनुसुचि मा उल्लिखित सुविधा मात्र पाउने व्यवस्था भएकोमा पालिकाले न्यायिक समितिका निम्नानुसारका पदाधिकारीहरुलाई पारीश्रमिक सुविधा उपलव्ध गराएकोले थप व्यय भार पर्न गएको रु.<br><table><tr><td>क्र.स.</td><td>नाम थर</td><td>कर कट्टा गरी रकम वार्षिक भूक्तानी</td></tr><tr><td>1</td><td>गिता वलि क्षेत्री</td><td>59400.00</td></tr><tr><td>2</td><td>शंकर खड्का</td><td>99400.00</td></tr><tr><td colspan="2">जम्मा</td><td>158800.00</td></tr></table></td><td>१५८,८००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २४.२ | विभिन्न | | <u>**सभा सञ्चालन भत्ता -**</u>नगरपालिकाको सभा सञ्चालन भनि विभिन्न जनप्रतिनिधिहरुलाई रु.२०४१६१।- रकम भूक्तानि गरेको छ । साथै यस अवधिमा सम्पूर्ण कर्मचारीहरुलाई कोरोना जोखिम भत्ता समेत भूक्तानी गरेको छ । यसरी एकै पटकमा दोहोरो पर्ने गरी भूक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | २०४,१६१ |
| २४.३ | | | **कोशेलि घर निर्माण**- प्रदेश सरकार हस्तान्तरित कार्यक्रम 11 2078/03/23 पालिका कोशेली घर निर्माणको लागि मिति २०७८। ०२।१५ मा कार्य सम्पन्न गर्ने गरी नगरपालिकाबाट रु.९९००००।- भूक्तानी भएको छ । कोशेली घर निर्माणमा डोर हाजिरिमा मिति २०७८ ।०२।३० सम्मको ज्याला भूक्तानी भएको पाईयो । यसरी मिति २०७८।०२।१५ मा कार्य सम्पन्न भयो भनि भएको भूक्तानीमा ज्याला वापतको खर्च २०७८।०२।३० सम्म भएकोले कोशेली घर निर्माण कार्‌य समय मै सम्पन्न भयो भनेर आश्वशत हुन नसकेको रु. | ९९०,००० |
| २४.४ | | | **टेलिफोन सुविधा- -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले यस आर्थिक वर्षमा विभिन्न ४ पदमा काम गर्ने कर्मचारीको लागि टेलिफोन वापत वार्षिक रु. 90000।- भूक्तानी गरेकोले थप व्यय भार पर्न गएको रु. | ९०,००० |
| २५ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| २५.१ | | | **कानून निर्माण र कार्यान्वयन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ८ वटा नियमावली, ११ वटा निर्देशिका, ६९ वटा कार्यविधिलगायत ११० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २५.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ४९ गरी कुल ५२ विवाद दर्ता भएकोमा ३१ वटा मात्र फछ्र्यौट भई २१ बाँकी देखिन्छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २६ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| २६.१ | | | **सम्पत्ति हस्तान्तरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २६.२ | | | **सरकारी सार्वजनिक जग्गाको संरक्षण**: कार्यालयले सरकारी तथा सरकारी ऐलानी जग्गाको संरक्षण गरेको हुनु पर्दछ । नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती जग्गाको अभिलेख तयार गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती सार्वजनिक जग्गाको संरक्षण तथा प्रवर्धन गर्ने कार्य तर्फ ध्यान दिनु पर्ने देखिन्छ | |
| २७ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| २७.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । <br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । <br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। <br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । <br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। <br>• मुल्य अभिवृद्धि कर नियमावली **२०५३** को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको। <br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठनगरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरीसरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएकासाबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २७.२ | | | **भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।·<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।·<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| २७.३ | | | **बेरुजु लग**तः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा कार्यालयको जिम्मेवार व्यक्तिले लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिनु बुझाउनु पर्ने भनी ठहर्‍याइएको बेरूजुको लगत राख्नु पर्ने उल्लेख छ । लेखापरीक्षणबाट कायम भएका, सम्परीक्षण भएका र बाँकी रहेका बेरूजुको कार्यालयगत र केन्द्रीय निकायगत लगतको उचित व्यवस्थापन र अभिलेख राख्नका लागि महालेखापरीक्षकबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट जारी भएका मलेप फारम ८०१ देखि ८०५ सम्मको व्यवस्था छ । तर पालिकाले | |

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लिखित फारमहरू मध्ये कार्यालयसँग सम्बन्धित कुनै पनि फारममा बेरूजुको लगत राखेको छैन । यसकारण विगतमा कायम भएका र फर्छ्यौट भई बाँकी रहेका बेरूजुको अद्यावधिक विवरण प्राप्त गर्न कठिन पर्ने देखिन्छ। तसर्थ पालिकाले आफ्नो कार्यालयको बेरूजु व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन तोकिएका मलेप फारमहरूको प्रयोग गरी बेरूजुको लगत राख्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २७.४ | | | **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनी फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ । आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू. अ. कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारको निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा मू. अ. कर समायोजनको पत्र पेश नभई फिर्ता गर्नुपर्दछ । | |
| २८ | | | **बजेट तथा कार्यक्रम** | |
| २८.१ | | | बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७७।०३।१० गते रु ८० करोड ०१ लाख १७.हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।२३ मा पारित गरि स्थानीय तहका प्रमुखले २०७७।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट | |

<table>
<tr><td></td><td></td><td></td><td>खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी छलफल गर्ने पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले त्यस अनुसार गरेको छैन ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिकविकास</td><td>९,८६,३९,५००</td><td>७,८३,५६,५२८</td><td>७९.४४</td></tr>
<tr><td>२</td><td>पूर्वाधारविकास</td><td>३७,९९,८२,८३९</td><td>२८,6361755.19</td><td>75.36</td></tr>
<tr><td>३</td><td>सामाजिकविकास</td><td>४६,२३,०८,८८०</td><td>३६,२०,७४,३८३.०८</td><td>७८.३१</td></tr>
<tr><td>४</td><td>बातावरणतथाविकास</td><td>2,33,35,438</td><td>1,68,77,157</td><td>72.32</td></tr>
<tr><td>५</td><td>संस्थागतविकास, सेवाप्रवाहरसुशासन</td><td>3,82,22,970</td><td>3,37,55,200</td><td>88.31</td></tr>
<tr><td>६</td><td>अन्यकार्यालयसंचालनतथाप्रशासनिक</td><td>१५,८८,१७,६४९</td><td>१४,७४,३२,९५९.२२</td><td>९२.८३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २८.४ | | | स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २८.५ | | | लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, वडा स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २९ | | | **पदाधिकारी सुविधा** | |
| २९.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने<br>ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु १४०३०००।- सुविधा भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष.15 जना | कार्यपालिका सदस्य 8 | सभाकासदस्य53 | जम्मा |
|---|---|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>बैठक भत्ता</td><td colspan="5">छैन</td><td></td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>छैन</td><td>12000</td><td>12000</td><td>12000</td><td>3500</td><td>473500</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>4000</td><td>4000</td><td>3000</td><td>3000</td><td>2500</td><td>209500</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>5000</td><td>5000</td><td>4000</td><td>4000</td><td>2000</td><td>208000</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>13000</td><td>8000</td><td>7000</td><td>7000</td><td>3000</td><td>341000</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>7000</td><td>6000</td><td>6000</td><td>6000</td><td>0</td><td>151000</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>5000</td><td>5000</td><td>0</td><td>0</td><td>0</td><td>10000</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td colspan="6">एक महिनाको सेवा सुविधा चाडपर्व खर्च बापत भुक्तानी लिने गरेको ।</td></tr>
<tr><td>9</td><td>मर्मत सम्भार र बिद्युत खर्च</td><td>5000</td><td>5000</td><td>0</td><td>0</td><td>0</td><td>10000</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>1403000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.२</td><td>९४१</td><td>२०७७-३-२२</td><td>लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुचीमा भएका सविधा मात्र पदाधिकारी सुविधाको रुपमा लिन पाउने व्यवस्था भएकोमा नगर कार्यपालिकाको मिति २०७५/३/१८ को निर्णयले न्यायिक समितिका सदस्यहरु श्री गिता वलि क्षेत्री र शंकर</td><td>११८,८००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | खड्काले मासिक रु.5000।- का दरले १२ महिनाको यातायात तथा खाजा खर्च सुविधा पाउने निर्णय भएकोमा प्रदेश कानुनमा भएको व्यवस्था भन्दा बढि सुविधा लिएको रकम अनियमित भएको रु. | |
| २९.३ | विभिन्न | | **<u>खाना तथा विविध खर्च-</u>** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ३० लाख खर्च गरेको छ । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्दछ । | |
| २९.४ | विभिन्न | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले अन्य सहायता खर्चबाट पालिका प्रमुखको तोक आदेशका आधारमा यस आ.ब.मा रु.६८५०००।- खर्च लेखेको छ । | |
| ३० | | | **कोभीड-19 तर्फ** | |
| ३०.१ | विभिन्न | | **जोखिम आंकलन र पूर्वतयारी**-<br>कार्यालयले कोभिड महामारी नियन्त्रणका लागी आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा क्वारेन्टीन संचालक समिति, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको छ । कार्यालयले १ वटा कोभिड अस्पताल स्थापना गरी आवश्यक जनशक्तिको व्वस्थाअस्पतालमा कन्सल्टेन्ट फिजिसियन एनेस्थेसिय मेडिकल अफिसर लगायतका स्वास्थ्य जनशक्तिको दरबन्दी र पदपूर्ति भएको छ । कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन। एम्बुलेन्स, आईसोलेशन बेड, अक्सिजन प्लान्ट, अक्सिजन सिलिण्डर, कन्सेन्ट्रेटर, पिपिई लगायत स्वास्थ्य सुरक्षा सामग्रीको उपलव्धता कार्यालयले गरेको छ । कोभिड १९ का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी मार्गनिर्देशन, २०७७ वमोजिम कोरोना भाइरस (कोभिड - १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको 100 प्रतिशत जोखिम भत्ता कार्यालयले उपलव्ध गराएको छ । | |
| ३०.२ | विभिन्न | | **निर्देशिका र हेल्थ प्रोटोकल निर्माण र कार्यान्वयन-** कार्यालयले कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार गर्नुपर्नेमा तयार गरको पाईएन । तीन तहका सरकारका निकायहरुमा निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वयन अबस्था र सोको सुनिश्चित गरेको छैन । | |
| ३०.३ | विभिन्न | | **पीसीआर प्रयोगशाला संचालन र अनुगमन सम्बन्धी व्यवस्था •** कार्यालयले लेखापरीक्षणको क्रममा निम्नानुसारको विवरण पेश गरेको छ । पालिकामा पीसीआर प्रयोगशाला स्थापना भएको छैन । आ.व. २०७७।७८ मा सरकारी प्रयोगशालाबाट ७७९ पीसीआर परीक्षणकोलागि नमुना संकलन भएकोमा २०५ जनामा पोजेटिभ देखिएको थियो । | |
| ३०.४ | विभिन्न | २०७७-५-२१ | **गत आर्थिक वर्षको भुक्तानी :**– कार्यालयले गत बर्षको भुक्तानी दिन बाँकी विवरण म.ले.प.फा.न.२२१ फाराम भरी प्रमाणित गरेर मात्र अर्को आर्थिक बर्षमा भूक्तानी दिनुपर्नेमा भूक्तानी दिन बाकीको विवरण प्रमाणित नगरी क्वार्न्टाईन व्यवस्थापन तथा राहात वितरणका लागि विभिन्न वडामा गत वर्षमा भूक्तानी बाँकी रहेको रु.३५८१९४२।- खर्च भूक्तानी गरेको छ ।सातौ नगर सभाको को निर्णय न.४६ को निर्णयबाट भुक्तानी दिएको कार्यालयले जनाएको छ । | |
| ३०.५ | ० | | **क्वारेन्टीन र आईसोलेसन व्यवस्थापन-** कार्यालयले कोभिड१९को जोखिमयुक्त नागरिकको व्यवस्थापनको लागि १ वटा आईसोलेसन कृषि विकास वैंक तालिम केन्द्र पिपरीमा स्थापना गरेको थियो । वजेट अभावका कारणले पूर्ण रुपको मापदण्ड वमोजिमको सेन्टर स्थापना हुन नसकेको कार्यालयले जनाएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३०.६ | विभिन्न | | **राहत सम्बन्धी कार्य -** कार्यालयले यस आर्थिक वर्षमा सामाग्री तथा नगद राहात दिएको छैन । राहात वितरण नगरेको कारणले गर्दा राहत पाउनेको अभिलेख र संख्या अध्यावधिक नगरेको कार्यालयले जनाएको छ । | |
| ३०.७ | | | **खोप प्राप्ति र वितरणको अवस्था मूल्यांकन गर्ने-** पालिकालाई आ.व. २०७७।७८ मा ४०२९ पहिलो डोज र दोश्रो डोज १२२६ खोप प्राप्त भएको छ । पालिकाले प्राप्त भएका सवै खोपहरु प्रयोगमा ल्याएको जनाएको छ । पालिकामा खोप भण्डारणको लागि छुट्टै व्यवस्था रहेको छैन । | |
| ३०.८ | | | **समन्वय,अनुगमन व्यवस्था र प्रतिवेदन प्रणाली-** कार्यालयले आसंकित व्यक्तिहरुको नियमन तथा समन्वय गर्न नगर प्रमुख तथा स्वास्थ्य संयोजकले अनुगमन र नियमन तथा समन्वय गर्ने गरेको जानकारी गराएतापनि CMC तथा Cove Team को कार्यसम्पादनको प्रतिवेदन तयार गर्ने गरेको देखिएन । नगरपिलकाले कोभीड सम्बन्धी तथ्यांक स्वास्थ्य कार्यालयमा पठाउने गरेकोमा Online System चालु भएपछि स्वास्थ्य मन्त्रालयमा अनलाइन प्रणाली मार्फत पठाउने गरेको पाइयो सुरक्षाकर्मीहरु,स्वास्थ्यकर्मी, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना समेतको व्यवस्था रहेको बुझियो । | |
| ३१ | | | **कोभिड आम्दानी**<br><br>**आम्दानी र खर्चको विवरण-** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापनागरी २०७८ असार मसान्तसम्मको आम्दानीरखर्चको विवरण पेश गरेको छैन ।<br>क) कोरोना भाईरस नियन्त्रणका लागि पालिकाले छुट्टै कोष खडा गर्नुपर्नेमा सो नगरेको । प्रकोप व्यवस्थापन कोषबाट खर्च लेखेको छ ।<br>ख) क्वारेन्टिनमा रहेका व्यक्तीहरुको विवरण प्रमाणित नगरेको । यसबाट वास्तविक क्वारेन्टिनमा रहेका व्यक्तिहरुको संख्या एकिन गर्न सकिएन । | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | 0 | | **दरवन्दी विवरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत गर्नुपर्नेमा पालिकाले एकिकृत दरवन्दी विवरण तयार पारेको छैन । एकिकृत दरवन्दी विवरण तयार गर्नुपर्दछ । | |
| ३३ | विभिन्न | | **आन्तरीक लेखापरीक्षण शाखा**<br><br>**आन्तरिक लेखापरीक्षण शाखा** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन।आन्तरिक लेखापरीक्षण शाखाका कर्मचारीको अभावमा आन्तरीक लेखापरीक्षण शाखाको गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ।तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३४ | | | **विविध** | |
| ३४.१ | विभिन्न | | **सवारी साधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ।अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा १ वटा कार रु.४०५३९८२।-भूक्तानी गरी खरीद गरेको छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३४.२ | | | **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ।स्थानीय तहले विभिन्न 1 वटा सफ्टवेयर खरिद गरी रु 226000 खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन।यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ३५ | | | **ि शिक्षा तर्फ** | |
| ३५.१ | | | **विद्यालयगत निकासा खाता** अधिकार् प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ ।पालिकाले आफु मातहत संचालनमा रहेका आधारभुत तथा माध्यमिक तहका बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको चौमासिक निकासा अभिलेख, अवकाश प्राप्त शिक्षकहरुको बिवरण र तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता लगायतका अभिलेख राखेको नदेखीएकोले उक्त अभिलेखहरु तोकीएको ढाँचामा ब्यवस्थित गरी राख्नु पर्दछ । | |
| ३५.२ | | | **सामुदायीक विद्यालयको गुणस्तर**-स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीयनिकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३५.३ | | | **शिक्षक दरवन्दी** –पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि.,र मा.बि. कास्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन । | |
| ३६ | | | **िशक्षा**<br><br>**विधालय अनुदान:**विद्यालय क्षेत्र विकास कार्यक्रम सि न2].7.13.13 को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एंव कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान अन्तर्गत माध्यामिक विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन शिक्षण सिकाइ ICT को प्रयोगको लागी ७ वटा विद्यालयलाइ रु ४५५०००० ।०० रकम निकासा दिएको र २.७.१३.८. मा प्रवाधिक धार सञ्चालनका लागि भनि रु १८००००० निकासा गरेकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार विद्यालयहरुले सम्वन्धित कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारको ल्याव स्थापन गरे नगरेको सम्वन्धमा पालिकाद्घारा प्रभावकारी अनुदानको अनुगमन र खर्चको प्रमाणहरु संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ पालिक द्धारा यस वर्ष विभिन्न विधालयहरुलाइ विभिन्न कार्यक्रम वापत भनि रु ६३५०००० रकम उपलव्ध गराएकोमा विधालयहरुले प्राप्त गरेको अनुदान रकमको पालिका द्घारा प्रभावकारी अनुगमन हुनुपर्दछ । | |

| विधालयको नाम | कार्यक्रम | निकासा रकम |
|---|---|---|
| कृष्ण माध्यामिक विधालय | ICT ल्याव | 650000 |
| ज्ञान ज्योति माध्यामिक विधालय वगिया | ICT ल्याव | 650000 |

| | | |
|---|---|---|
| सिदार्थ आधारभूत विधालय | ICT ल्याव | 650000 |
| नेपाल राष्ट्रिय आधारभूत विधालय वडा न १० | ICT ल्याव | 650000 |
| नेपाल राष्ट्रिय आधारभूत विधालय वडा न १४ | ICT ल्याव | 650000 |
| नेपाल राष्ट्रिय आधारभूत विधालय वडा न १४ | ICT ल्याव | 650000 |
| वालशिक्षा आधारभूत विधालय | ICT ल्याव | 650000 |
| लक्ष्मि माध्यामिक विधालय | Lab assistant, equioments and practical, OJT, Operation | 1800000 |
| जम्मा | | 6350000 |

३७ **अनुदान िफर्ता**

**अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ मिति २०७८।४।१५ रू. ८३६१५४८०२५।०० र प्रदेश सरकार तर्फ मिति २०७८।४।१३ मा रु २३७१६२८२।०० फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| | | 383,149,950.01 | 300,119,882.08 | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | शसर्त | | | ८,३०,३०,०६७.९३ | छैन |
| संघीय सरकार | विषेश | 31,666,666.32 | 31,081,254.00 | ५,८५,४१२.३२ | छैन |
| | समपुरक | 8,466,644.00 | 8,466,644.00 | 0 | छैन |
| | शसर्त | 40,850,000.00 | 18,764,823.00 | २,२०,८५,१८० | छैन |
| प्रदेश सरकार | विषेश | 7,000,000.00 | 5,368,898.00 | १६,३१,१०२ | छैन |
| | समपुरक | 15,000,000.00 | 15,000,000.00 | 0 | छैन |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **धरौटीको मौज्दात**<br><br>**धरौटीको मौज्दात फरक भएको** पालिकाले तयार पारेको धरौटीको आर्थिक विवरण अनुसार बैंक अनुसारको धरौटी मौज्दात रु.२५७२१२४१.४४ र श्रेष्ता अनुसार मौज्दात १८३०३२९१.४४ देखिन्छ । बैंक मौज्दात र श्रेष्ता अनुसारको मौज्दातमा फरक भएको रकम एकिन हुनुपर्ने देखिन्छ । | |
| ३९ | | | **चौमासिक प्रतिवेदन** | |
| ३९.१ | | | **चौमासकी कार्य लक्ष्य र प्रगति** आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाईएन। चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी प्रगति विवरण वनाई पेश गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३९.२ | | | **अवकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको छैन । ऐनको व्यवस्था बमोजिम अवकाश कोष स्थापना र संचालन गर्नु पर्दछ । | |
| ३९.३ | | | **वित्तीय विवरणको ढाँचा र संरचना**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरे नगरेको एकिकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्यामा तोकिएका शीर्षक उपशीर्षक बमोजिम कारोवारका शीर्षक नरहेको वित्तीय विवरणको ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा नरहेको पाईयो । तोकिए बमोजिम वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गरि सम्बन्धित शीर्षक अन्तर्गत खर्च तथा आम्दानीको लेखाङ्कन गरी आवस्यक खुलासा सहितको वितीय विवरण तयार गर्नु पर्दछ । | |
| ३९.४ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा निम्न अनुसार भएको पाईयो ।<br>शिर्षक / खाता न / बचत रकम<br>पूजिगत / / १७६४८०८०।८२<br>चालु / / २०८५७३३०।६६ | |
| ४० | | | अद्यावधिक बेरुजू<br>**अनुगमन तथा सम्परीक्षण**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा | |

| शिर्षक | खाता न | बचत रकम |
|---|---|---|
| पूजिगत | | १७६४८०८०।८२ |
| चालु | | २०८५७३३०।६६ |

| | | | | |
|---|---|---|---|---|
| | | | ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।<br>यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण अनुरोध नभएकोले गत बर्ष सम्म बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| **२४००७४६६५** | ० | **२४००७४६६५** |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| २४००७४६६५ | ० | | ० | |